ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
*************************************

# जङ्गबहादुर राणाको यौनचरित्र

तेजबहादुर केसी[1]

# Sexuality of Jung Bahadur Rana

Tej Bahadur KC

[1]Associate Professor, Faculty of Education (History), Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
[1]Corresponding Author: tejbdrkc243@gmail.com
Article History: Received: Nov. 21, 2022 Revised: Jan. 7, 2023 Received: Jan 12, 2023

**अध्ययन सार**

आधुनिक नेपालको इतिहासमा एक कालखण्डका प्रधानमन्त्री जङ्गबहादुर राणा र उनका क्रियाकलापमा प्रस्तुत लेख केन्द्रित रहेको छ। जङ्गबहादुरका अनेक क्रियाकलापहरु इतिहासका विषयवस्तु बनेका छन्। जङ्गबहादुरले गर्ने गरेका क्रियाकलापहरुमध्ये केहीले उनलाई अमर बनाए भने केहीले बदनामी। यसरी बदनामी बनाउने उनका क्रियाकलापहरुमध्येको प्रमुख क्रियाकलाय हो बिसमलिङ्गी प्रतिको यौन आशक्तता। प्रस्तुत लेख यही जङ्गबहादुरको यौन क्रियाकलापका बिषयबस्तुमा केन्द्रित रहेको छ। खासगरी यो लेखको उद्देश्य जङ्गबहादुरले आफ्नो जीवनकालमा के कस्ता यौन गतिविधिहरु गरेका थिए भन्ने कुरालाई उजागर गर्नु रहेको छ। जङ्गबहादुरले आफ्नो बीरता र साहसले जेजती मानसम्मान आर्जन गर्ने काम गरे त्यसलाई नकारात्मक प्रभाव पार्ने कार्य उनको महिलाप्रतिको आशक्तताले गऱ्यो। जङ्गबहादुरमा असीम साहस र अठोट रहेको थियो भन्ने गरिए पनि उनले त्यो आफ्नो यौनसम्बन्धी कमजोरी नियन्त्रण गर्न सकेनन्। जङ्गबहादुर राणाको अनियन्त्रित यौन क्रियाकलापहरु विदेशी सञ्चारका माध्यमहरुमा समेत प्रशारणका विषयवस्तु बन्न पुगेका थिए। उनका कतिपय यौन सम्बन्धी क्रियाकलापहरु उछृङ्खलपूर्ण रहेका थिए। दरवारमा सुन्दरीहरुको लस्कर लगाउने र तिनको परिचालनका लागि कर्मचारीहरु समेत नियुक्त गर्ने गर्दथे। उनका मनोरञ्जनका साधनहरुमध्ये यौन सम्वन्ध सबैभन्दा रोजाईको विषय थियो। उनी आफूलाई यौन सम्बन्धमा अब्बल देखाउन चाहान्थे। बढ्दो उमेर, राजकाजको ब्यस्तता र अन्य कारणहरुले वृद्ध हुँदै जाँदा यौन इच्छा र यौन क्रियाकलापमा कमी आउनु प्रकृतिको नियम नै हो। जङ्गबहादुरले यस कुरालाई बुझ्न नसक्दा वृद्ध अवस्था भई सक्दा पनि आफूमा आएको यौन आशक्ततामा आफू कमजोर रहेको महसुस गरी निरास हुँदै लागुपदार्थ अफिमसमेत ग्रहण गर्न थालेका थिए। समयसमयमा जङ्गबहादुर राणालाई यस कुराले आत्मग्लानी हुने गरेको थियो र कहीले काँही उनी निकै निराश हुने गर्दथे भन्ने तथ्यको उजागर गर्दै उनका यौन आशक्तिका बारेमा खोज गर्नु यस लेखको उद्देश्य रहेको छ।

*शब्दकुञ्जीका* : आशक्तता, हौसिएका, रखौटी, सहोदर, दुस्साहसी

## Abstract

The article focused on Jung Bahadur Rana, the Prime Minister of a period in the history of modern Nepal and his activities. Many activities of Janga Bahadur have become the subject of history. Some of Jung Bahadur's activities made him immortal, while others made him notorious. Among his activities, the main activity is his sexual attraction to heterosexuals. The presented article focuses on the theme of sexual activity of this Jung Bahadur. In particular, the purpose of this article is to expose what kind of sexual activities Jung Bahadur did during his lifetime. Jung Bahadur's bravery and courage earned him much respect, but his attachment to women had a negative effect on it. Although it is said that Jung Bahadur had infinite courage and determination, he could not control his sexual weakness. Jung Bahadur Rana's uncontrollable sexual activities became the subject of broadcast even in foreign media. Some of his sexual

activities were outstanding. They used to bring many beautiful women in the palace and also appointed employees for their movement. Among his means of entertainment, sex was the most preferred subject. He wanted to show himself to be good at sex. It is the law of nature that sexual desire and sexual activity decrease as people get older due to increasing age, busyness of politics and other reasons. Unable to understand this matter, Junga Bahadur felt that he was weak in his sexual addiction even though he was an old man and started taking opium. The purpose of this article is to investigate the sexual desire of Junga Bahadur Rana by exposing the fact that from time to time he used to be self-condemned and sometimes he used to be very depressed.

***Keywords***: attraction, excitement, mistress, brother, impudent

## परिचय

जङ्गबहादुर पृथ्वीनारायण शाहका सेनापति रामकृष्ण कुँवरका जेठा छोरा बालनरसिंह कुँवरका दुई पत्नीहरुमध्ये कान्छी पत्नी भीमसेन थापाका भाई नयनसिह थापाकी छोरी तर्फबाट जन्मिएका जेठा छोरा थिए । यिनी इस्वी सम्वत १८१७ जुन १८ का दिन जन्मेका थिए (क्षेत्री र रायमाझी, २०६०) । यिनी कुनै राजखानदानका व्यक्ति थिएनन् । जङ्गबहादुर पनि सामान्य रैतीकै छोरा थिए भने यीनको बाल्यकाल एउटा कर्मचारीको सन्तानका रुपमा वितेको थियो । फरक यति मात्र थियो कि उनका मावलीहरु दरवार र नेपालको राजनीतिसंग सम्बन्धित रहेको र उनका बाबु त्यति नै बेलाका कर्मचारी समेत भएकोले यिनको बाल्यकाल विलासमा वितेको देखिन्छ । यिनको न्वारनको नाम बीरनरसिंह कुवर थियो । यिनको स्वभावसँग सुहाउँदो नाम जङ्गबहादुर, यिनका आफ्नै सहोदर मामा माथवरसिंहं थापाले राखिदिएका थिए । मावली घरमा जन्मे हुर्केका र भीमसेन थापा जस्ता हजुर बाबा र माथवरसिंह थापा जस्ता मामाको सांथसंगत पाएका जङ्गवहादुर निडर, चलाख र धुर्त हुनु स्वमाविकै थियो । मावलीहरुकै शक्तिको बलमा भारदारीका रुपमा बाल्यकाल बिताएका जङ्गबहादुरले मावलीहरुको शासनसत्ताबाट पतन भए पछि साह्रै दुःखको जीवन पनि बिताउनु परेको थियो । त्यसैले जङ्गबहादुरको जीवन सुख र दुःखको सङ्गालोका रुपमा विकसित भएको थियो । समयको मागलाई बुझ्न र तत्कालै निर्णयमा पुग्न सक्ने क्षमता भएका जङ्गबहादुरले २७ मे १८४५ का दिन आफ्नै मामा माथवरसिहं थापाको हत्या गरी राजा र रानीको विश्वास जित्न सफल भएका थिए (के. सी., २०५७ : पृ..) । मामाको हत्या र त्यसपछि प्राप्त गरेका उपलब्धिहरुबाट हौसिएका जङ्गबहादुरले कोतपर्व र भण्डारखाल पर्व जस्ता हत्याकाण्ड तथा काटमारबाट शक्तिको बागडोर आफ्नो हातमा लिन सफल भएका थिए । जङ्गबहादुर नेपालको राजनैतिक इतिहासका त्यस्ता पात्र हुन् जसको नजरमा आफ्नो र पराहीको सम्बन्धमा खासै भिन्नता थिएन । जव जङ्गबहादुर सत्तामा आसिन भए तव उनी यतिसम्मको घमण्डी भए कि उनलाई संसारमा मानिसको डरको त कुरै छाडौं भगवानको डर र मानिसको लाज समेत लाग्न छोडेको देखिन्छ । आफ्नो बीरता र साहसीपनले नेपालको राज्यशक्तिको वागडोर आफ्नो हातमा लिन सफल शासक थिए जङ्गबहादुर राणा ।

राजालाई नाममात्रका राजाको रुपमा दरवारको चार दिवाल भित्र मोजमजा र सुरसुन्दरीमा सिमित राखी आफ्नो हातमा शक्ति लिन सफल जंगबहादुरका धेरै सवल पक्षहरु थिए भने उनका केही अक्षम्य दुर्वल पक्षहरु पनि थिए । त्यस्ता दुर्वल पक्षहरुमा हतारमा निर्णय लिनु, आवेशमा होस गुमाउनु, लागु पदार्थको प्रयोग गनु, अत्यन्त संकालु स्वभाव हुनु, राज्यकोषलाई निजी सम्पत्ति सम्झनु, मृत्यु दण्ड जस्ता सजायलाई सामान्य सम्झनु ,दुखले आर्जेको सत्तालाई समाप्त गर्ने गरी पारिवारीक स्वार्थमा जगडिएको उत्तराधिकारीको रोलकम लागु गर्नु आदि । यी विभिन्न दुर्बलताहरुमध्ये उनको यौन दुर्बताको पक्ष निकै कमजोर र छाडा स्वरुपको थियो । यौन चाहाना त सवै प्राणीमा हुनै पर्ने साझा गुण र विशेषता हो । त्यसैले यसको चाहाना त सवैमा हुने नै गर्दछ । यस श्रृष्टिको निरन्तरताको नियमै हो । त्यसैले जङ्गवहादुमा पनि यो गुण हुनु स्वभाविकै हो । त्यो स्वभाविक गुण अस्वभाविक र घृणा गर्न लाएक त्यो कारणले भयो जसलाई जङ्गवहादुरले पशुगत शैलीमा प्रयोग गर्ने प्रयत्न गरे । यैान इच्छालाई नियन्त्रण गर्न केवल मानिसले मात्र सक्दछ । यसरी सक्नुको कारण हो मानिसमा चेतना र विवेक हुनु । जुन प्राणीमा चेतना र विवेकको विकास भएको हुन्छ उसमा मुख्य दुई कुरा लाज र डरको विकास भएको हुनु पर्दछ । तर जङ्गवहादुरमा यी दुवै कुराको अभाव थियो । त्यसैले यो विषयवस्तु जङ्गवहादुरको चर्चाको क्षेत्रसंग जोडिने भएकाले यसको वास्तविकताको उजागर गर्नै यो लेखको प्रयास रहने छ ।

नेपालको राजनैतीक इतिहासमा जङ्गबहादुर त्यस्ता शासक हुन् जसले केन्द्र र केन्द्र वाहिर प्रशासन संञ्चालनको जिम्मेवारीमा नियुक्त गरिएका कर्मचारी समेतलाई सुन्दरी केटी खोजी दरवारमा ल्याउने कामको जिम्मेवारी दिएका थिए भने त्यसैको आधारमा कर्मचारीहरुको पजनीमा बढुवा र वर्खास्तीसमेत गरिन्थ्यो जो आफैमा लाजमर्दो कुरा थियो । जङ्गवहादुर जस्तो व्यकितको विषयमा उठेको यौन कियाकलाप जस्तो गहन विषयवस्तु माथि खोज अनुसन्धान गरी पाए सम्मका श्रोत

सामाग्रीहरुलाई संगठित गर्दै वास्तविकताको केन्द्रसम्म पुग्ने र यस विषयमा खोज अध्यन र अनुसन्धान गर्न चाहने आउँदा पुस्ताहरुलाई समेत सहयोग पुगोस् भन्ने धेयका साथ यो अनुसन्धानात्मक लेख तयार पारिएको छ ।

## अनुसन्धान पद्धति

प्रस्तुत अध्ययन ऐतिहासिक विषयवस्तुमा आधारित रहेको छ । यस्ता ऐतिहासिक विषयवस्तुमा आधारित अनुसन्धानात्मक लेख गुणात्मक पद्धतिमा आधारित हुने हुनाले लेखमा गुणात्मक विधिको नै प्रयोग गरिएको छ । लेखमा हसहायक स्रोतहरुको प्रयोग गरिएको छ । यस्ता सहायक स्रोतहरु विभिन्न पुस्तकालय र निजी संकलनका आधारबाट उपयोग गरिएको छ । प्राप्त स्रोतहरुको सहयोग लिएर लेखलाई व्याख्यात्मक र विष्लेषणात्मक विधिका आधारमा तयार पारिएको छ ।

## विययवस्तु विष्लेषण

आफ्नो स्वार्थसिद्धिका लागि जस्तोसुकै मूल्य चुकाउन पनि पछि नपर्ने स्वभावले सजिएका जङ्गबहादुरले जव मामा माथवरसिँह थापाको हत्या गरे र त्यस घटनाबाट बच्न सफल भए त्यसबाट उनीमा एक प्रकारको मानसिक हौसला र राजनैतीक सफलता एकैसाथ प्राप्त हुन पुग्यो । मामा माथपरसिंह थापाप्रति जङ्गबहादुरका धेरै आषा र अपेक्षाहरु रहेका थिए । त्यस्ता अपेक्षाहरु माथवरसिंह थापाबाट पुरा हुन नसके पछि जङ्गबहादुर उनीबाट रुष्ट हुन पुगे । त्यसैले उनी मामा माथवरसिंहको हत्या गर्न राजी भए । जङ्बहादुरलाई राजा राजेन्द्र विक्रम शाह र कान्छी महारानी लक्ष्मदेवीको विश्वास जिती आफूलाई नेपालको राज्य सत्तामा स्थापित गर्नु थियो । मामा माथवरसिँह थापाको हत्याबाट हौसिएका जङ्गबहादुर जब १४ सेक्टेम्वर १८४६ को कोतपर्व र इस्वी १८४६ अक्टुवर ३१ को भण्डारखाल पर्वको सङ्कटलाई कुसलतापूर्वक व्यवस्थापन गरी आफ्नो र आफ्ना खलकको जीवन रक्षा गर्दै नेपालको प्रधानमन्त्री र प्रधान सेनापतिको बागडोर आफ्नो हातमा लिन सफल भए ।

जङ्गबहादुर एक चतुर राजनैतिक खेलाडी थिए। नेपालको राजनैतिक इतिहासमा जङ्गबहादुर राणा प्रायः सबै नेपाली नागरिकहरुको जानकारीमा स्थापित नाम हो । जङ्गवहादुर द्वारा प्रदर्शन गरिएका विभिन्न जोखिमपुर्ण कृपाकलापहरु जो प्रमाणका साथ इतिहासमा पेश गरिएका भए पनि पत्याउन गाह्रो हुने खालका छन् किनकी जुन कियाकलापहरु सामान्य मानिसले गर्न त के सोँच्न पनि सक्दैन । जङ्गवहादुर समयको मागलाई छिट्टै बुझ्न र तत् सम्बन्धी तत्कालै निर्णय लिन सक्ने क्षमताका धनी थिए (क्षेत्री, २०६० : ४९६) । नेपालमा झण्डै ३० बर्षसम्म जङ्गवहादुर राणा आफैले र बाँकी उनका उत्तराधिकारीहरुले गरी जम्मा १०४ वर्षसम्म चलेको जहानीयाँ राणा शासनको संस्थापक थिए । नेपालको राजनीतिमा चर्चा र परिचर्चाको नायक जङ्गबहादुर राणाको मृत्यु वि.सं. १९३३ मा शिकारको दौडानमा पत्थरघट्टामा भएको थियो (भट्टराई, २०५२, : ४७) । नेपालको इतिहासमा जङ्गबहादुरको मृत्युका विषयमा पनि यकिनसाथ भन्न सकिने अवस्था रहेको पाइँदैन । यस विषयमा विभिन्न भनाइहरु रहेका छन् । सामान्य नागरिकको परिवारमा जन्मेका र लेखपढको अवसरबाट बञ्चित रहेका निरक्षर जस्तै व्यक्ति जङ्गबहादुर नेपालको राजनैतीक इतिहासमा सबै पक्षहरुमा सबल भनी इतिहासकारहरुले ब्याख्या गर्ने गरेको भए तापनि उनीमा धैरै अवगुणहरु थिए । जङ्गबहादुरमा संवेगात्मकताको विकास भएकै थिएन । संवेगात्मक विकास त्यो विकास हो जुन विकासले व्यक्तिमा उत्पन्न हुने उच्च आवेगलाई नियन्त्रण गर्ने गर्दछ । रिसलाई नियन्त्रण गर्न नसक्नु, व्यक्तिगत स्वार्थको लागि जे जस्ता कार्य गर्न पनि पछि नपर्नु, नसाको लतमा लाग्नु, यौन सम्बन्धलाई आफ्नो बहादुरी ठान्नु, देशको धुकुटीलाई ब्यक्तिगत सम्पत्ति सम्झनु आदि । जङ्गवहादुरको बहादुरीताको गाथा माथि लागेका कलंकीत क्रियाकलापहरुले माथ गरेको पाइन्छ । जङ्गबहादुरका यस्ता विभिन्न अवगुण वा कमजोरीहरुमध्ये महिलाहरुसंगको यौन सम्बन्धलाई प्रायः सबै इतिहासकारहरुले साह्रै घिनलाग्दो तरिकाले ब्याख्या गरी उनलाई यौन पिपासुको रुपमा चित्रण गरेका छन् ।

राजा राजेन्द्र विक्रम शाही कान्छी महारानी राज्यलक्ष्मी वा लक्ष्मीदेवीको कृपा भनौं वा कुबुद्धीबाट कोतपर्व काण्डको सफतापछि कमाण्डर इन चिफ् र भण्डारखाल पर्वमा रानीकै दासी पुतली मैँया र दरवारीया पण्डीत विजयराज पाण्डेको सहयोगले बच्न सफलभई जङ्गबहादुर प्रधानमन्त्री बन्न सफल भएका थिए (दाहाल, २०५७ : ३१९) । जङ्गबहादुर कुन नक्षेत्रमा, कुन राशी लिएर जन्मेका थिए त्यो यस अध्यनको क्षेत्र नपरे पनि नारीको साथ र सहयोग जङ्गबहादुरलाई अत्यन्त शुभेको देखिन्छ । महिलाहरुसँगको सम्बन्धले दरवारको गोपनीयता बुझ्न र सत्ताको साँचो हत्याउन सफल जङ्गबहादुर महिलाहरुको राजनैतिक सहयोगले मात्र सन्तुष्ट हुन सकेनन् । गगनसिँह र राजेन्द्र विक्रम शाहकी कान्छी रानीको प्रेम सम्बन्ध देखेका, राजेन्द्रलक्ष्मी र सर्वजीत रानाको यौन सम्बन्धका कुरा सुनेका र यौन बासनाको तिर्खाले अन्ध भएका जङ्गबहादुर जब राज्यसत्ताको वागडोर आफ्नो हातमा लिन सफल भए त्यसपछि उनीमा कसैको डर बाँकी रहेन । उनी महिलाहरुको अस्मितामाथि रमाउन थाले । आफ्नो सामाजिक मर्यादालाई तिलाञ्जली दिएर रमाइएको त्यो रमाइ उनको लागि निकै बदनामीपूर्ण रह्यो । त्यो बदनामीको चर्चा अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरुको समेत बिषयबस्तु बन्न पुग्यो (भण्डारी, २०१५ : २८५) ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
************************************

जङ्गबहादुरको चर्चा परिचर्चा फरक फरक इतिहासकारहरुले फरक फरक तरिकाले गर्ने गरेका छन् । इतिहासकार ढुण्डिराज भण्डारीको शव्दमा जङ्गबहादुर हृदयले कठोर बुद्धिले कुटिल, स्वभावले बीर प्रकृतिका मानिस थिए ।

जङ्गबहादुरका विभिन्न स्वभावहरुमध्ये उनको यौन दुर्वलता सबैभन्दा बदनामीपूर्ण पक्ष थियो । उनी भोगविलासी र यौन पिपासु थिए भन्ने कुरा नेपालको इतिहासको अध्यनमाबाट थाहा पाउन सकिन्छ । जङ्गबहादुर थापाथलीको विशाल आलिसान दरवारमा २०० भन्दा धैरै महिला रखौटीहरुका साथ विलासी जीवन बिताउँदथे । उनले स्वीजरल्याण्ड र फ्रान्सबाट विशेष खालका रक्सीहरु मगाएर पिउने गर्दथे (यादव, २०४६ : १९७) । त्यसो भए पनि जङ्गबहादुरका बारेमा सबै इतिहासकारहरुले यौन पिपासु मात्र भनेका छैनन् योग्य र बुद्धिमान पनि भनेका छन् । हामीलाई थाहा छ संसारमा सबै मानिसको समान धारणा अवस्य पनि हुँदैन । धैरै मानिसहरु खासगरी जङ्गबहादुरका बिरोधीहरुले उनलाई कठोर हृदय भएका ब्यक्तिका रुपमा चित्रण गरेको पाइन्छ । त्यसो भए तापनि हेनरी लरेन्सले भने उनी तिक्ष्ण बुद्धी एवं दमनकारी व्यक्तित्व भएका ठूला कुटनीतिज्ञ एवं अवसरवादी मानिस थिए (यादव, २०४६ : १९७) ।

दरवार भित्रको यौन उदण्डतालाई देखेर हुनसक्दछ जङ्गबहादुरको उदयको समयलाई उनका छोरा पदमजङ्गले राजदरवारमा छाडायुगको समय भनेका थिए । रक्तरञ्जित कोतपर्व र भण्डारखाल पर्वको नरसंहार मच्चाएर सत्तामा पुगेका जङ्गबहादुर राणा धुर्त, बहादुर, साहसी र योग्य शासक मात्र थिएनन् उनी स्त्री लम्पट र यौन आशक्ततामा तिप्त, इज्जत र बेइज्जतको समेत ख्यालगर्न नसक्ने ब्यक्ति थिए । उनका आधिकारीक पत्नीहरु नै ४२ जना थिए । त्यसका अलावा सहरका राम्री केटी पनि पहिले उनलाई नै चाहिन्थ्यो (हिमालखवर, शनिवार २४ अशोज, २०७७ : १) । जङ्गबहादुरका आफ्नै छोराले लेखेको इतिहास त सत्यको सबैभन्दा नजिकको प्रमाण हो भन्नुको विकल्प छैन । जङ्गबहादुर विलासी थिए । उनका एक दर्जन भन्दा बढी बिबाहिता दुलही र २०० जति रखौटीहरु थिए । रखौटीको हेरचाह गर्न नारी पुलिसको व्यवस्था गरेका थिए । यतिमात्र होइन जङ्गबहादुर बाहेक उनका रखौटीहरु बस्ने कोठामा कोही पनि पस्न पाउँदैनथे । रखौटीहरु राजाको मन जितेर रानी हुने प्रतिशप्रर्धा गर्दथे । जङ्गबहादुर शैया र कोठा बदली बदली आराम गर्दथे (शर्मा कडेल, २०४८ : १४५) । उनको मनोरञ्जनको सवैभन्दा ठूलो साधन भन्नु नै यौन सम्बन्ध थियो ।

जङ्गबहादुरको शासनकालतिर मनोरञ्जनका अन्य साधनहरुको विकास नभएर पनि हुन सक्दछ समाजका ठूलावडा भनाउँदाहरु सवैले स्त्रीको संख्या वृद्धि गर्नु र धैरै भन्दा धैरै महिलाहरुसंग यौन सबन्ध कायम राख्न सक्नु आफ्नो बहादुरीता ठान्दथे । त्यसैगरी महिलाहरु यसलाई आफ्नो भाग्यको खेल मान्दथे । यसैकारणले जङ्गबहादुरको समयमा यौन सम्बन्ध समाजमा महिला र पुरुष बीच गरिने मनोरञ्जनको मुख्य साधन बनेको थियो । त्यतिबेला पुरुषले जति धैरै श्रीमती भित्र्याउन सक्यो त्यसको समाजमा उच्च मान सम्मान र इज्जत हुने गर्दथ्यो । जङ्गबहादुरका प्रमाणले पुष्टि गर्न नसकिने रखौटी, सुसारे, धाई, तालिमे, नर्तकीलगायत बिभिन्न नाम र उपनामले बोलाइने यौन सम्बन्धको लागि दरवारमा राखिएका नारीहरुको संख्या र श्रीमतीको संख्या कति थियो भन्ने सम्बन्धमा विभिन्न इतिहासकार र लेखकहरुले फरक फरक संख्या भएको उल्लेख गरेका छन् । तथापि तर्कमा नभई तथ्यमा आधारित नेपालको राजनीतिक इतिहासका पुस्तकहरुमध्ये स्वयम राणा परिवार भित्रकै दुनियाँको नजरमा विश्वास योग्य विद्धान ब्यक्ति पुरुषोत्तम शमशेर जबराद्वारा लिखित श्री ३ हरुको तथ्य वृतान्तमा उल्लेख गरिए अनुसार जङ्गबहादुरका बैधानिक रानीहरु निम्नानुसार थिए :

(१) मुख्यानी प्रसाद लक्ष्मी (२) रानी नन्दकुमारी (३) श्री ३ बडामहारानी हिरण्यगर्भ देवी (४) रानी हेमकुमारी (अन्तरी महारानी) (५) रानी विष्णुकुमारी देवी (६) गङ्गा रानी (७) मिस्री महारानी (८) रानी सन्तकुमारी देवी (९) रानी यज्ञकुमारी) नौली महारानी) (१०) राम्री महारानी (११) पुतली महारानी (१२) रानी सिद्धिगजेन्द्र लक्ष्मी (१३) मिना महारानी (दाखलचोके महारानी ) (१४) रानी हिमकुमारी देवी (१५) श्यामा रानी साहेव (१६) रानी राधादेवी (१७) रानी एकमुमारी (१८) रानी रणकुमारी (१९) रानी भक्तकुमारी (२०) जिना रानी साहेब (२१) सत्यभामा रानी साहेब (२२) रानी शुभकुमारी (जबरा, २०४७ : १६१-१६५) ।इतिहासकार पुरुषोत्तम शमसेर जबराले जसरी नामावली सहित २२ वटी रानीहरुको उल्लेख गर्नु भएको छ भने त्यसै गरी अर्को एक श्रोतले जङ्गबहादुरका आधिकारिक विवाहिता स्त्रीहरु जम्मा ४२ थिए भनी नाम सहित सूची प्रस्तुत गरेको पाइन्छ । (घटना विचार विहिवार १७ माघ २०७५ : १) ।

जङ्गबहादुरका स्त्रीहरुको वास्तविक संख्या के कति थियो भन्ने सम्बन्धमा फरक फरक इतिहासकारहरुले फरक फरक तथ्याङ्क स्रोतका साथ पेश गरेको पाइन्छ ,। खासगरी इतिहासका विषयवस्तुहरु तथ्यले भन्दा तर्कले पुस्टि गरिने भएकाले श्रोत सहितका सामाग्रिहरु सवैकालाई स्वीकार गर्नुको विकल्प छैन । जङ्गवहादुरका स्त्री ब्याख्यालाई हेर्दा उनी स्त्रीलम्पट थिए भन्ने कुरालाई स्वीकार्नुको विकल्प छैन । जङ्गबहादुरका कतै २२ कतै ३६ कतै ४२ स्त्रीहरु थिए भनि इतिहासकारहरुले ब्यख्या गर्ने गरेकाले उनका श्रीमती प्रसस्त थिए भन्ने कुरामा संका छैन । उनका लागि नेपाल तथा भारतबाट विभिन्न तरुनी केटीहरु खोजेर ल्याउने प्रशस्त मानिसहरु खटाइएका थिए । बेलायतमा विश्वकै महंगा बेस्याहरुमध्येकै महंगी वेश्या लुरावेलसँग सहवास

गरेर जङ्गबहादुरले आफूलाई एक कामुक धनीहरुको सूचीमा सूचिकृत गर्न सफल भएका थिए । लाउरावेल सँग सहवास गरी जङ्गबहादुरले बेलायतमा तिरेको रकम २ लाख ५० हजार पौण्ड थियो (के.सी, १५ माघ २०७२ : १) ।

सुन्दरी लाउराबेलका लागि उतिबेला बेलायतका राजघरानादेखि सम्भ्रान्त पुरुषहरु पैसा र शक्ति खन्याउन मरिहत्ते गर्दथे । सानदारसँग वग्गीमा आवत जावत गर्ने मोहनी लगाउने सुन्दरता भएकी आकर्षक जिउढाल, सुमधुर स्वरकी धनी लाउरा वेलसँग एक रातको अढाई लाख पौण्ड खर्च गरी बेलायतमा जङ्गवहादुरले उनीसँग संम्भोग गरेका थिए । जो डेढसय बर्ष अघिको तीन करोड भन्दा बढी नेपाली रुपैयाँ थियो । जङ्गबहादुर बेलायतको भ्रमण गर्ने एशियाको पहिलो प्रधानमन्त्री थिए (वज्रचार्य, चैत्र ६, २०७२ : १ ) ।

आजभन्दा झण्डै १६९ वर्ष अघि नेपाल जस्तो एउटा पहाडी भन्दा पनि हिमाली भन्न लायक सुदुरपूर्वको भूपरिवेष्ठित परिवेसमा आफ्नो अस्थित्व कायम राखेको देशले बेलायत जस्तो त्यो बेलाको आफूलाई संसारको स्वामी ठान्ने मुलुकसँग दुईदेसीय सम्बन्ध कायम गर्न सक्नु जङ्गबहादुरको मुक्तकण्ठले प्रशंशा गर्न लाएक कार्य हो । नेपाल जस्तो देशका नेताले त्यत्रो सम्मानका साथ राजकीय भ्रमणको अवसर पाउनु देशकै गौरवको विषय बनेको थियो । त्यत्रो मान सम्मानको जिम्मेवारीका साथ, ठूलो दलबलका साथ बेलायत भ्रमणमा गएका नेपालका प्रधानमन्त्री र प्रधान सेनापति जस्तो ब्यक्तिले एउटी वेश्या महिलासँग बेलायतमा त्यस प्रकारको हर्कत गर्नु र म फर्केर नेपाल जान्न यही बस्छु भन्नु देशकै लज्जाको विषय बनेको थियो । आज भन्दा झण्डै १६९ वर्ष अगाडि जुन समयमा भन्ने गरेको सुनिन्छ १ रुपैयाँमा दुहुनो भैंसी आँउथ्यो । त्यस्तो समयमा एउटी वेश्यासँगको यौन सम्बन्धको लागि राज्य कोषको झण्डै तीन करोड रकम बिदेशमा लगेर खर्च गर्न सक्ने ब्यक्तिलाई यौन पिपासुको संज्ञाले पनि समग्रतामा समेट्न सक्दैन ।

जङ्गबहादुरको यौन लीलाको चर्चा त्यो बेलाको नेपाली समाजमा सामान्य हुन सक्दछ । तर त्यो विषय सञ्चारको अभावले यत्रतत्र व्याप्त नभएको पनि हुन सक्दछ । नेपालमा त्यसो भए पनि बेलायतमा भने बदनामीको विषय बनेको थियो । नेपालमा त उनले आफ्नो लागि अधिराज्यभर भएका राम्राराम्रा सुन्दरीहरु छानेर दरवारमा ल्याउन कर्मचारीहरुको समेत व्यवस्था गरेका थिए प्रशासन सञ्चालनका लागि नियुक्त कर्मचारीहरुमध्ये पनि जसले राम्रारामा केटीहरु खोजेर दरवारमा जङ्गवहादुरका लागि ल्याउन सक्छन् उनीहरु सुब्बा, काजी तथा उच्चपदमा बढुवा हुन्थे भने नसक्नेहरु पजनीको अभिनयबाट बर्खास्त हुन्थे (के. सी. माघ १५, २०७२ : १) ।

जङ्गबहादुर यतिसम्म यौनपिपासु थिए कि उनले नावालिका समेत छोड्दैनथे, साथै महिलालाई यौन सन्तुष्टी दिन नसक्दा स्वयम् आफू दुःखितभई अफिमको सहयोग लिने गर्दथे । नेपालको दरवारमा त उनको कामुकता छरपस्ट भई नै सकेको थियो । विदेशमा पनि उनको कामुकता प्रकाशनको विषय बनेको थियो । (के मा प्रकासित ?) जङ्गबहादुर जम्मा ८०/८१ दिन बेलायत र ४० दिन फ्रान्समा बसेका थिए । त्यहाँ रसरंग पनि उत्तिकै गरेका थिए । रात्री पार्टीमा ह्वारह्वारती असर्फी छरेर, अनेक लिला, प्रभाव र संकेतबाट स्वयम् महिलाहरुलाई हुरुक्कै पार्ने गर्दथे । युरोपमा धन दौलत छरेको देखेर सल्लाहकारहरुले खर्च बढी भयो भन्दा जङ्गबहादुरले म यहाँ दिन र देखाउन आएको हुँ भने गरेका थिए (नेपाल, २०७६ : १ ) । फ्रान्समा पनि जङ्गबहादुरले रासलीला गरेको र प्रायश्चित्तका उपायहरु सोधेर विजयराज पण्डितलाई पत्र लेखेका थिए ।

जङ्गबहादुरको यौनलिप्सा बाहेक अफिमको पनि आदत थियो । उनले अफिमलाई डल्लो पारेर पानको बट्टामा राख्ने गर्दथे र खाने समयमा मेरो पुष्टकारी ले भनी अफिम खाने गर्दथे (जबरा, २०४७ : १६१) । जङ्गबहादुर त्यस्ता ब्यक्ति हुन् जसको स्वभावलाई बुझेर उनलाई लण्डन स्थित महिला समाजले एक कार्यक्रमको आयोजना गरी आमन्त्रणसमेत गरेका थिए । उक्त कार्यक्रममा एकजना बेलायती महिलाले जङ्गबहादुरसँग हामी बृटिस महिला उपर तपाईहरुको भावना के छ औ हामीमा तपाईले के पाउनु भयो औ के देख्नु भयो ? भनी सोधेका थिए । जवाफमा जङ्गबहादुरले तुरुन्तै तपाई बृटिस महिलाहरु ज्यादै स्वतन्त्रता प्रेमी, मिलनसार, नम्रभाषी हुनुका साथै गतिलो मिजासको पाएँ औं देखेँ । तपाई महिलाहरुले आफ्ना पतिलाई आफ्नो बसमा राख्न सक्ने क्षमता देखेँ साथै पत्नी बेगर पति डेग चल्न नसक्ने र पुरुष महिलाको आदरपूर्वक सम्मान गर्ने चलन देखेँ भनी जवाफ दिएका थिए (जवरा, २०४७ : ५१) । यसरी जङ्गबहादुरको यौन सम्बन्धको बारेमा खोज अनुसन्धान गर्दै जाने हो भने यौनलीलाको ग्रन्थ नै तयार हुन्छ भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन । त्यसैले यो एउटा सामान्य अनुसन्धानको सानो पाटो भएकोले यसमा जङ्गबहादुरका सबै यौन नालीवेली नसमेटीनु स्वभाविकै हो भन्ने ठम्याई छ ।

## निष्कर्ष

जङ्गबहादुर राणा आधुनिक नेपालको इतिहासका एक मुख्य पात्र नै थिए । उनमा जो मनले चाह्यो त्यो काम गरिहाल्ने परिणामको वास्ता गर्ने बानी थियो । उनले गर्ने गरेका केही कार्यहरुले उनलाई नेपालको इतिहासमा राणा शासनको जन्मदाता र नेपालको कुशल शासक बनायो । दक्षिण एशियाका प्रधानमन्त्रीहरुमा जङ्गबहादुर बेलायतको यात्रा गर्ने र

बेलायतकी प्रधानमन्त्रीलाई प्रत्येक्ष भेट गर्ने पहिलो प्रधान मन्त्री थिए । ज्यादै धुर्त, चलाख, शाहसी व्यक्ति भएर पनि उनका केही हर्कतहरु हेर्दा उनको बुझाईको शव्दकोशमा सुनाम र कुनामको अर्थ एउटै थियो । दुनियाँ कसले के भन्छ वास्ता नगर आफूलाई इच्छा लागेको गर यो उनको बुझाईको सार थियो । १०४ वर्षिय जहानीया राण शासनका प्रणेता मानिने जङ्गबहादुर बहुप्रतिभाका धनी व्यक्ति थिए । सामान्य नागरिकबाट आफूलाई नेपालको शासक बनाउन सफल व्यक्ति जङ्गबहादुरमा अनेक प्रसंसा गर्न योग्य गुणहरु हुदाहँदै पनि केही यस्ता अवगुणहरु थिए जो एउटा मूर्ख मान्छेमा पाउन पनि सकस पर्दछ । जङ्गबहादुरमा भएका यस्ता अवगुणहरुमध्ये सबैभन्दा घिनलाग्दो अवगुण हो स्त्रीमोह र यौनलिप्सा । स्वदेशमा मात्र नभएर विदेशमा समेत उनले विश्वको नामुद यौनकर्मी लोरावेलसँग यौन सम्बन्ध राखी विश्वका धनी यौनकर्मीको सूचीमा आफ्नो नाम थप्ने जुन सोँच राखे त्यो नेपाल र नेपाली समाजको नजरमा बदनामीको टीका थियो । स्वदेशमा पनि कुनै समाजमा चर्चामा आउने गरी युवतीको जन्म हुनु जङ्गबहादुरको बलत्कारीताबाट असुरक्षित हुनु थियो । समग्रमा भन्दा उनीमा यौन संवेगात्मकताको विकास पटक्कै भएकै थिएन भन्दा उनीमाथि न्याय गरिएकै ठर्हर्ने देखिन्छ ।

## सन्दर्भसूची

के. सी., देवकी (माघ १५, २०७२). जङ्गबहादुर सुन्दरीका भोगी नेता. काठमाडौं :
*अनलाइन खवर.* http//www.onlinekhaber.com
के. सी., सुरेन्द्र (२०५७). *नेपालको ऐतिहासिक रुपरेखा.* काठमाडौं : पैरवी प्रकाशन ।
http//rajaneeti.com>society
जबरा, पुरुषोत्तम शमशेर (२०४७). *श्री ३ हरुको तथ्यवृतान्त.* बारणसी : परमवीर शमशेर जबरा ।
दाहाल, पेशल (२०५७). *नेपालको आधुनिक इतिहास.* काठमाडौं : एम.के.पब्लिशर्स एण्ड डिष्टिव्युटर्स ।
दिक्पाल, राजकुमार (२४ अशोज, २०७७). जङ्गजहादुरको स्त्री मोह. काठमाडौ : *हिमाल खवर.*
https;//www.himalkhabar.com/news/119343
नेपाल, ज्ञानमणि (२ भाद्र २०७६). *जङ्गवहादुरको त्यो बेलायत यात्रा.* काडमाडौं : अनलाइन खवर.
http//www.onlinekhabar.com
भट्टराई, ज्ञानेश्वर (२०५३). *वृहत ज्ञानकोश.* बुटवल : लक्ष्मी पुस्तक सदन ।
भण्डारी, ढुण्डिराज (२०१५). *नेपालको ऐतिहासिक विवेचना.* वाराणसी : कृष्णकुमारी देवी ।
यादव, पिताम्बरलाल (२०४६). *नेपालको राजनैतिक इतिहास.* बिहार भारत : विजयकुमार ठेहो आनन्दपुर सरहसा ।
क्षेत्री, गणेश र रायमाझी रामचन्द्र (२०६०). *नेपालको इतिहास.* काठमाडौं : एसिया पव्लिकेसन्स ।

***